नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको यस आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अन्तर्गत

**कृषि सिंचाईका लागि सौर्य पम्पीङ प्रणाली जडान तथा जडान पश्चात बिक्री पछिका सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा सम्झौता**

**उपभोक्ता समिति/कृषक श्री ............ .................. .......... ..... ......... .....**
**र मान्यता प्राप्त कम्पनी (यस आ.व. २०८१/८२ मा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट मान्यता प्राप्त कम्पनी) श्री..... ..... ............. ......... ................ ....... ...... ........बीच भएको सम्झौता।**

आज मिति २०८.... साल ..... ........ महिना ......... गते ........ .......का दिन उपभोक्ता समिति/कृषकको तर्फवाट श्री .........................................................................(यसपछि 'प्रथम पक्ष' भनेर सम्बोधन गरिएको) प्रथम पक्ष र मान्यता प्राप्त कम्पनी ...........................................................................(यसपछि 'दोस्रो पक्ष' भनेर सम्बोधन गरिएको) दोस्रो पक्ष बीच **कृषि सिंचाईका लागि सौर्य पम्पीङ प्रणाली जडान तथा जडान पश्चात बिक्री पछिका सेवा सुविधाहरु उपलब्ध गराउने कार्यका लागि** यो सम्झौता गरिएको छ।

**सम्झौताका शर्तहरु निम्न अनुसार हुनेछ।**

१) प्रथम पक्षले दोस्रो पक्षद्वारा सौर्य सिंचाई प्रणाली जडान गराउँदा आफू वा आफ्नो सिंचाई परियोजना वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्दबाट छनौट भइ प्रकाशित लिष्टमा हुनुपर्ने छ। यदि आयोजनाको लागत अनुमान रु. पाँच लाख भित्र रहेमा केन्द्रले स्थलगत अनुगमन पश्चात प्रदान गरेको स्वीकृतीको आधारमा जडान कार्य अगाडि बढाउन सकिनेछ। साथै आयोजना रु. पाँच लाख भन्दा माथि रहेमा प्रथम पक्षले छनौट भएको आयोजनाको विस्तृत संभाव्यता अध्ययन गरि सो प्रतिवेदन केन्द्रले प्रमाणित गरेको हुनु पर्नेछ। दोस्रो पक्षले पनि सो को निश्चित गरेर मात्र जडान गर्नुपर्ने छ। छनौट लिस्टमा भएको विवरण तल उल्लेखित ढाँचामा हुनुपर्ने छ।

| प्रकाशन मिति : २०८ / /... | | |
|---|---|---|
| **Selected List of Solar Irrigation Project** | | |
| लिस्टमा भएको सि. नं. | उपभोक्ताको नाम | ठेगाना |
| | | |

२) दोस्रो पक्षले स्थलगत निरीक्षण पश्चात पानीको श्रोत कुनै पनि किसिमको विद्युत वितरण सेवाबाट ३०० मीटर भन्दा टाढा रहेको कुरा निश्चित गरेर मात्र प्रणाली जडान कार्य अगाडी बढाउने छ।

३) प्रथम पक्ष तथा दोस्रो पक्ष दुवैले विद्यमान नवीकरणीय ऊर्जा अनुदान नीति तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधिको अधिनमा रहि सौर्य सिंचाई प्रणाली जडान सम्बन्धि सम्पूर्ण कार्य कार्यान्वयन गर्नुपर्ने छ।

४) दोस्रो पक्षले स्थलगत निरीक्षण पश्चात प्रथम पक्षलाई ... ... मि. Head बाट दैनिक ............ लि. पानी उपलब्ध गराउनु पर्ने छ र त्यसका लागि .......... Wp को सौर्य पाता र ........ Hp क्षमताको सौर्य पम्प उपलब्ध गराउने छ।

५) यस सौर्य सिंचाई प्रणाली जडान कार्यान्वयनको लागि ईलेक्ट्रोमेकानिकल कम्पोनेन्टको लागत रु ..................... (अक्षरमा: .............................................................) मध्ये प्रथम पक्षले दोस्रो पक्षलाइ वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट प्राप्त हुने अनुदान रकम रु ....................... ( अक्षरमा: ............................................................) बाहेकको हुन आउने रकम रु .............. (अक्षरमा: ............................................................) दिनुपर्ने छ।

ऊर्जा, जलस्रोत ... वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

६)	ईलेक्ट्रोमेकानिकल बाहेकको सम्पूर्ण सिभिल संरचनाको काम सम्बन्धित उपभोक्ताले सम्पन्न गराई साको प्रमाणीकरण सम्बन्धित स्थानीय तहबाट गराउनु पर्नेछ ।

७)	दोस्रो पक्षले प्रथम पक्षलाई आपूर्ति गरेको सामान गुणस्तरयूक्त र केन्द्रले तोके बमोजिमको प्राविधिक मापदण्ड अनुरुप हुनुपर्ने छ ।

८)	दोस्रो पक्षले सौर्य सिंचाई प्रणालीको पूर्ण जडान कार्य .......... दिन भित्र सम्पन्न गरि दुई प्रति जडान सम्पन्न प्रतिवेदने उपभोक्ता र केन्द्रमा बुझाउनुपर्ने छ । जसमा प्रथम पक्षले सन्तोषजनक जडान समापन तथा अनुदान निष्कासनको लागि सिफारिस गर्नुपर्ने छ ।

९)	दोस्रो पक्षले प्रथम पक्षलाई सम्पूर्ण प्रणालीको २ वर्षको वारेन्टी तथा बिक्री पछिका सेवा सुविधाहरु उपलब्ध गराउने छ । यस वारेन्टी अवधि भित्र सौर्य पम्पीङ प्रणालीमा केहि समस्या देखिएमा समस्याग्रस्त उपकरणको मर्मत वा प्रतिस्थापन समेत गर्नुपर्ने छ ।

१०)	दोस्रो पक्षले प्रथम पक्षलाई सौर्य पम्पीङ प्रणाली जडान पश्चात उक्त प्रणालीको संचालन र मर्मत सम्भार सम्बन्धि तालिम दिनुपर्ने छ ।

११)	दोस्रो पक्षले प्रथम पक्षलाई जडान कार्य सम्पन्न पछि वारेन्टि कार्ड दिनु पर्नेछ ।

| **प्रथम पक्ष (उपभोक्ता) को तर्फबाट** | **दोस्रो पक्ष (मान्यता प्राप्त कम्पनी) को तर्फबाट** |
|---|---|
| **उपभोक्ताको नाम :** | **जडानकर्ता कम्पनीको नामः** |
| **उपभोक्ताको तर्फबाट सम्झौता गर्ने व्यक्तिको नाम :** | **जडानकर्ता कम्पनीको तर्फबाट सम्झौता गर्ने व्यक्तिको नाम :** |
| **पद (सामुदायिक आयोजनाको हकमा):** | **पद :** |
| **ठेगाना :** | **ठेगाना :** |
| **सम्पर्क फोन नं.:** | **सम्पर्क फोन नं.:** |
| **हस्ताक्षर :** | **हस्ताक्षर :** |
| **उपभोक्ता समितिको छाप (सामुदायिक आयोजनाको हकमा):** | **कम्पनीको छाप :** |
| **साक्षी**<br>**नाम :**<br>**सम्पर्क नं. :** | **साक्षी**<br>**नाम :**<br>**सम्पर्क नं. :** |